# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल


प.सं :- ०८०/०८१
च.नं :- ८३४९

मिति :- २०८०/०१/०४

**बिषय : विद्यालयको समग्र अवस्था सुधार सम्बन्धमा ।**

**श्री सबै सामुदायिक विद्यालयहरु,**
**रत्ननगर नगरपालिका, चितवन ।**

प्रस्तुत विषयमा रत्ननगर नगरपालिकाबाट शैक्षिक सत्र २०८० को दोस्रो त्रैमासिक परीक्षाको समयमा नगर उप प्रमुख श्री यादव प्रसाद पाठकको संयोजकत्वमा गठित विद्यालय अनुगमन समितिले सामुदायिक विद्यालयहरुको स्थलगत अनुगमन गर्दा विद्यालयले IEMIS मा प्रविष्ट गरेको विद्यार्थी संख्या र परीक्षामा उपस्थित विद्यार्थी संख्या वीच निकै ठुलो अन्तर देखा परी विद्यालयहरुमा प्रदान गरिएको स्रोत र साधनको समुचित उपयोग हुन नगसकेको अवस्था देखिएकोले विद्यालयको समग्र अवस्थामा सुधार गरी शिक्षक विद्यार्थी अनुपातमा समेत सुधार गरी स्रोत र साधनको समुचित तथा न्यायोचित वितरण हुने अवस्था सिर्जना गर्न तपसील अनुसार गर्नु गराउनुहुन नगर शिक्षा समितिको मिति २०८०/१२/३०को निर्णय अनुसार अनुरोध छ ।

तपसील:

१. IEMIS मा विद्यार्थी विवरण प्रविष्ट गर्दा वास्तविक विवरणका आधारमा गर्ने गराउने ।

२. विद्यालयको शिक्षण सिकाइ सुधार गर्न अभिभावक संग अन्तरक्रिया गरी अभिभावक प्रति विद्यालयको विश्वास जगाउने र योजनावद्ध सुधार शुरु गर्ने,

३. शैक्षिक सत्र २०८० को विद्यालयको समग्र अवस्था भन्दा शैक्षिक सत्र २०८१ को अवस्थामा उल्लेख्य सुधार गरी सो को प्रतिवेदन नगरपालिकामा पेश गर्ने ।

४.शैक्षि सत्र २०८० को अवस्थामा देखिने र महशुस हुने गरी सुधार नभएको पाइएमा त्यस्ता विद्यालयको शिक्षक दरबन्दी कटौती गर्न, कक्षा वा तह घटुवा गर्न र विद्यालय समायोजन तथा एकिकरण गर्न नगरपालिका बाध्य हुनेछ ।

५.**सार्वजनिक विद्यालय समायोजन एवम् एकिकरण कार्यविधि २०७७** अनुसार तराइ तथा उपत्यकामा कक्षा १- ३ मा ६० जना, कक्षा १- ५ मा १०० जना, कक्षा ६- ८ मा ६० जना, कक्षा ९- १० मा ४० जना र कक्षा ११- १२ मा ४० जना भन्दा कम विद्यार्थी भएको विद्यालयहरु समायोजन एबम् एकिकरण गर्न सकिने व्यवस्था रहेको छ । रत्ननगर नगरपालिकाले यही मापदण्डको आधारमा विद्यालय समायोजन तथा एकिकरण गर्नेछ ।

६. सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु विद्यालय समयमा विद्यालयमा नवसी विभिन्न बहानामा विद्यालय बाहिर जाने गरेको भन्ने जनगुनासो प्राप्त भएकोले यस सम्बन्धमा प्रधानाध्यापक जिम्मेवार बनी निम्नानुस गर्नु गराउनु पर्नेछ ।


फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्स: ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, Website: www.ratnanagarmun.gov.np

# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

क) प्रधानाध्यापकले विद्यालय समयमा पुरा समय विद्यालयमा रहने व्यवस्था मिलाउने ।

ख) विद्यालय बाहिर जानै पर्ने भएमा विद्यालय व्यवस्थापन समितिको अध्यक्षको अनुमति लिएर मात्र जाने,

ग) विद्यालयको कामको लागि नगरपालिका तथा अन्य संस्थामा जानु पर्ने भएमा दिउसो ३.०० बजे पछि मात्र जाने व्यवस्था मिलाउने ।

७. यस नगरपालिकाको च.नं. ८४६१, मिति २०८०।१२।२३ को पत्र अनुसार प्र. अ. व्यवस्थापनको प्रक्रिया शुरु गर्न पत्राचार गरिएकोमा सो बमोजिम गरिएको कामको जानकारी नगरपालिकामा यथाशिघ्र गराउने ।

नारायण प्रसाद वाग्ले
अधिकृत (दशौं तह)

सादर अवगतार्थ:

श्रीमान नगर प्रमुख ज्यू, रत्ननगर नगरपालिका, चितवन ।

श्रीमान नगर उप प्रमुख ज्यू, रत्ननगर नगरपालिका, चितवन ।

बोधार्थ:

श्री वडाध्यक्ष ज्यूहरु,

१६ वटै वडा कार्यालय, रत्ननगर नगरपालिका, चितवन: आवश्यक सहजीकरण गर्नु हुन ।

फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्स: ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, Website: www.ratnanagarmun...

CamScanner